स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'ऊनको स्वीटर'ले पहिलो साता घरेलु बक्सअफिसमा सुखद कमाइ गरेको छ। यो फिल्म शुक्रबारदेखि दोस्रो सातामा प्रवेश गरेको छ। विपिन कार्की र मिरुना मगर स्टारर फिल्मको पहिलो साताको कमाइ सुखद रह्यो। फिल्मले पहिलो साता देशब्यापी ४ करोड ४ लाख ७८ हजार २१० रुपैयाँ (बिहिबार रातीसम्म) ग्रस कमाइ गरेको सरकारको आधिकारिक बक्सअफिसमा उल्लेख छ। दोस्रो सातादेखि फिल्मको शो संख्यामा केही गिरावट देखिएको छ।

**आजको विचार...**



बजेटमा.... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



यतिबेला घरेलु बक्स अफिसमा फिल्म 'ऊनको स्वीटर'ले आफ्नो दबदबा कायम गरेको छ । पहिलो साता उत्साहप्रद व्यापार गरेको फिल्मप्रति दर्शकको आकर्षण बढ्दो क्रममा रहेकाले दोस्रो साताका लागि हलहरुले उल्लेख्य शो बाँडेका छन् । तर, अब भने फिल्मलाई चुनौती थपिएको छ। किनकि, शुक्रबारबाट नयाँ फिल्म 'के घर के डेरा: घर नं २' प्रतिस्पर्धा गर्न मैदानमा उत्रिएको छ।

❐ वर्ष ३० ❐ अंक २९२ ❐ २०८२ जेठ ४ गते आइतबार 18 May 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### रूसी आक्रमणमा ९ को मृत्यु

(रासस/एएफपी)

किएभ (युक्रेन), जेठ ३/उत्तरी युक्रेनको सुमी क्षेत्रमा यात्रु बोकेको सानो बसमा भएको रूसी मानवरहित हवाई यन्त्र (ड्रोन) आक्रमणमा परी नौ जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । स्थानीय सैनिक प्रशासनले सामाजिक सञ्जाल टेलिग्राममार्फत उक्त आक्रमणमा पूर्ण रूपमा क्षति पुगेको सानो बसको तस्बिरसहित जानकारी दिँदै मृतकको सङ्ख्या नौ पुगेको जनाएको हो । यसअघि अधिकारीहरूले आठ जनाको ज्यान गएको बताएका थिए । सुमी जिल्लातर्फ गइरहेको बसलाई बिलोपिल्लिया नगर नजिकै लक्षित गरी आक्रमण गरिएको सैनिक प्रशासनले जनाएको छ । यो विस्फोट युक्रेन र रूसबीच इस्तानबुलमा करिब तीन वर्षपछि भएको प्रत्यक्ष वार्ताको केही घण्टापछि भएको हो । वार्तामा दुवै पक्ष कैदीहरूको साटासाटमा सहमत भए पनि युद्धविराम नभएको र सम्भावित युद्धविरामका विषयमा विचारहरू आदान-प्रदान मात्र गरिएको जनाइएको छ । वार्तापछि किएभले युक्रेनको ठूलो भूभाग ध्वस्त पारिएको र लाखौँ मानिस विस्थापित भएको युद्ध रोक्नका लागि 'बिना सर्त युद्धविराम' चाहेको स्पष्ट पारेको छ । तर, मस्कोले यस्ता आह्वान अस्वीकार गर्दै करिब एक हजार कैदीहरू साटासाट गर्ने सहमतिको पक्षमा बल दिएको छ ।

# निजी क्षेत्रको मनोबल माथि नउठाइकन समृद्ध नेपाल बन्दैन : सभापति श्रेष्ठ

रामचन्द्र रायमाझी

kfNkf, जेठ ३ /नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले निजी क्षेत्रको मनोबल माथि नउठाइकन समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा हुन नसक्ने बताएका छन् । नेपाली काँग्रेस पार्टीको शुभेच्छुक संगठन लोकतान्त्रिक निर्माण व्यवसायी संघ पाल्पाको पहिलो जिल्ला अधिवेशनलाई शनिबार तानसेनमा सम्बोधन गर्दै उनले पछिल्लो समय निजी क्षेत्रको मनोबल खस्कदै गएकाले उनीहरुको समस्या पहिचान गरी मनोवल उठाउने दिशामा सरकार प्रतिवद्ध भए मात्र समृद्ध नेपाल बन्न सक्ने बताएका हुन् ।

उनले राज्यले निर्माण व्यवसायीको रकम समयमै भुक्तानी गर्न नसकै कारण निर्माण व्यवसायीको बदनामी हुने प्रवृत्ति उचित नभएको बताए । सार्वजनिक खरिद ऐन पटक-पटक संसोधन गरिए पनि ऐन साना निर्माण व्यवसायीमैत्री बन्न नसकेको सभापति श्रेष्ठको भनाई छ । अहिले पाँच करोड भन्दा मुनिका योजनाहरु प्रदेश सरकारले लिने र त्यो भन्दा माथिका योजना मात्र संघीय सरकारले लिने भनेकाले त्यस्ता योजनाहरु सम्बन्धित





जिल्लाका निर्माण व्यवसायीमार्फत मात्रै टेन्डर गर्ने नीति ल्याउनुपर्ने उनले बताए । निर्माण व्यवसायीले समयमै गुणस्तरीय निर्माण गरेर उदाहरण पेश गर्नु पर्ने सुझाव दिँदै लोकतान्त्रिक निर्माण व्यवसायी संघले सबै निर्माण व्यवसायीको हक हितका लागि काम गर्नु पर्नेमा उनको जोड थियो । अब निर्माण व्यवसाय क्षेत्रलाई सम्मानित पेशाको रुपमा अगाडि बढाउन संघको पहल कदमी आवश्यक रहेको उनले बताए । उनले भने, "निर्माण व्यवसायीका समस्या सुन्न, समाधान गर्नका लागि काँग्रेस तत्पर छ ।" कोभिड महामारीको बीचमा पनि निजी क्षेत्रलाई ढाडस दिने उद्देश्यले पार्टीले विभिन्न किसिमका प्रयत्न गरेको सभापति श्रेष्ठले बताए । उनले प्रदेश र केन्द्रमा हुने कार्यक्रममा समेत निर्माण व्यवसायीका समस्या बारे आफुले नीतिगत छलफल र बहस गर्ने गरेको समेत बताए । "निर्माण व्यवसायीहरुले जुन खालका अठ्याराहरु भोग्नुभएको छ । जसमा नीतिगत ऐन कानूनहरु, अव्यवहारिक भएका नियमावलीहरुका विषयमा सरकारलाई पार्टी नेतृत्वले घच्घच्याउने काम गर्दै आएको छ । निर्माण व्यवसायीहरुका जायज मागहरुलाई जतिसक्दो चाँडो समस्या समाधान गर्न कसरी सकिन्छ । त्यसमा पार्टी नेतृत्वले विशेष ध्यान दिएको छ" सभापति श्रेष्ठले भने । कार्यक्रममा संघ लुम्बिनी प्रदेशका संयोजक विश्व कुमार चन्दले जिल्लाका निर्माण व्यवसायीहरु अब एक हुनुपर्ने बताएका छन् । उनले उपभोक्ता समितिलाई योजना दिदा निर्माण व्यवसायीहरुले बदनाम खेप्नु परेको भन्दै त्यसतर्फ नीतिग सुधार हुनुपर्नेमा जोड दिए । नेपाली काँग्रेसका प्रदेश सदस्य तथा संघका विभाग प्रमुख भेषराज पौडेलले निर्माण व्यवसायीले सबैको चित्ता बुझाएर काम गर्नुपर्ने अवस्था रहेको बताए । उनले भने "व्यवसायीका थुप्रै समस्या छन्, राजीतिक दल, पत्रकार सबैलाई चित्ता नबुझाएसम्म सुखै छैन् अनि सरकारलाई पटक-पटक कर तिर्नुपर्ने अवस्था छ, घाटा खाएर व्यवसायी गर्नु परेको छ ।" सबैलाई चित्ता बुझाउने कामको अन्त्य हुनुपर्ने बताए । कार्यक्रममा निर्माण व्यवसायीहरु राजेन्द्र केसी, पुरुषोत्तम केसी, दरुण दलका जिल्ला सभापति मेजर सिं केसी, महासंघका केन्द्रीय सदस्य इन्दु शर्मा लगायतले संघमा आउने नेतृत्वले निर्माण व्यवसायीलाई संगठित गरि हकहितको संरक्षण गर्नु पर्नेमा जोड दिए । राज्यले अझै पनि निर्माण व्यवसायीको कामको भुक्तानी समयमै नदिने गरेकोले संघले व्यवसायीका मुद्दा सरकार समक्ष पुऱ्याउन भुमिका खेल्न आवश्यक रहेको समेत उनीहरुले बताए । कार्यक्रम संघ लुम्बिनी प्रदेशका संयोजक विश्व कुमार चन्दको अध्यक्षता, निर्माण व्यसायी शंकर रायमाझीको स्वागत, उदय घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## फोहोर व्यवस्थापन गरौं र गराऔं

- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुन: प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं
- जैविक फोहोरबाट प्राङ्गारीक मल उत्पादन गरौं ।
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक, कागज, काँचजस्ता पुन:प्रयोग हुने वस्तुहरूको छुट्टै संकलन गरौं, फोहोर नजलाऔं, फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# लोकतान्त्रिक निर्माण व्यवसायी संघ पाल्पाको अध्यक्षमा केसी



**पाल्पा,** जेठ ३/ नेपाली काँग्रेस पार्टीको शुभेच्छुक संगठन लोकतान्त्रिक निर्माण व्यवसायी संघ पाल्पाको अध्यक्षमा राजेन्द्र केसी चयन भएका छन् । संघको शनिबार सम्पन्न भएको प्रथम जिल्ला अधिवेशनले केसीको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

संघको उपाध्यक्षमा शंकर बहादुर खाँण र राजेश कार्की चयन भएका छन् । महासचिवमा थानबहादुर कुंवर, उपमहासचिवमा सुरेन्द्र ढेंगाा र प्रकाश ज्ञवाली, कोषाध्यक्षमा अमन प्रसाद श्रेष्ठ, सहकोषाध्यक्षमा विष्णु सेन ठकुरी चयन भएको निर्वाचन कार्यक्रमका संयोजक मेजर सिं केसीले जानकारी गराए । उनका अनुसार सदस्यहरुमा किरण मल्ल, केशवबहादुर मल्ल, गन्भर सिं सिंजाली, युवराज चिदी, पवन कुंवर, देवेश बज्राचार्य, माधव पौडेल,राजनप्रसाद श्रेष्ठ र भरत विक रहेका छन् ।

# तानसेनमा जनताको बहुदलीय जनवाद र सञ्चार संवाद

कृष्ण पोखरेल

**पाल्पा,** जेठ ३ /३२ औं मदन आश्रित स्मृती दिवसको अवसरमा जिल्लामा जनताको बहुदलीय जनवाद र सञ्चार संवाद कार्यक्रम गरिएको छ । प्रेस चौतारी नेपाल पाल्पा शाखाको आयोजनामा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादको नेपाली राजनीतिमा भइरहेको प्रयोगको अवस्था, वर्तमान अवस्थामा जवजको सान्दर्भिकता बारेमा प्रेस





चौतारी पाल्पाले बहस र चर्चा गरेको छ । कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले पाल्पाका अध्यक्ष ओमबहादुर घर्ति मगरले पछिल्लो राजनीतिक परिवर्तन, परिवर्तन पछी भएका व्यवस्थाहरु मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलिय जनवादको सिद्धान्त तथा कार्यक्रम अनुसार भएको बताए । उनले २०४७ सालको संविधानमा मदन भण्डारीले फरक मतको रुपमा राखेका २७ बुँदे कुराहरु २०६२/०६३ को जनआन्दोलन पछिका संसदले समावेश गरी गणतान्त्रिक नेपाल बनाउन सफल भएको उल्लेख गरे ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# उच्च रक्तचाप नियन्त्रण गरौं

रक्तनलीमा रगत बग्दा रगतद्वारा रक्तनलीहरूको भित्तामा हुने दबाब (चाप) लाई रक्तचाप भनिन्छ । यो चाप मुटु खुम्चिएर रक्तनलीमा रगत पम्प गर्दा धेरै र मुटु फैलिएर विश्राम गर्दा कम हुने गर्छ । जसलाई क्रमशः सिस्टोलिक र डाएस्टोलिक रक्तचाप भनिन्छ । क्रियात्मकरूपले स्वस्थ व्यक्तिमा सिस्टोलक १००–१३ हुन्छ भने डाएस्टोलिक ६०–८५ एमएमएचजीसम्म रहन्छ । यदि रक्तचापले यी मानविन्दु नाघेमा रक्तचापको समस्या भएको मानिन्छ । सामान्यतया सिस्टोलिक १२० र डाएस्टोलिक ८० लाई आदर्श रक्तचाप मानिन्छ । पछिल्लो समय उच्च रक्तचापका विरामी बढ्दै गएका छन् । पहिले निश्चित उमेर पुगेपछि मात्र देखिने रगत तथा मुटुसम्बन्धी रोग पछिल्लो समय वृद्ध, युवा सबैमा बढ्दै गएको छ । यो चिन्ताको विषय हो ।

मुटु तथा कोरोनरी धमनी जस्ता रोगको मुख्य कारक, मस्तिष्कघात, मिर्गौला फेलिएर र दृष्टिनाश जस्ता समस्याको मूलजरोका नामले सम्बोधन गरिएको यो रोग प्रत्येक वर्ष ९० लाख मानिसको मृत्युको कारण पनि हो । संसारभर तीनमध्ये एक जना मानिसमा उच्च रक्तचापको समस्या छ भने करोडौं मानिस यही रोगका कारण उत्पादकमूलक जीवन जीउनबाट वञ्चित छन् । उच्च रक्तचाप आफैंमा कुनै रोग होइन तर सयौं रोगको जननी हो । यस कारणले हृदयघात, मष्तिस्कघात, मिर्गौला फेलियर, नेत्रघात (दृष्टि गुम्नु) मुटु सुन्निने, रक्तनली तन्किने, फुल्ने तथा फुट्ने र मानसिक तथा भावनात्मक अस्वस्थता जस्ता समस्या आउन सक्छ । चिल्लो, नुनिलो वा सुर्तीजन्य र मदिराजन्य पदार्थको बढी सेवनले यस्तो समस्या आउने गर्दछ । बढी तनाब लिने र निस्क्रिय जीवनशैलीले अहिले धेरै मानिसले यस्तो समस्या भोग्नु परेको छ । समयमै पत्ता लगाएर नियन्त्रण गर्न सकिएन भने उच्च रक्तचाप प्राणघातक बन्न सक्छ । उच्च रक्तचाप नियन्त्रणका लागि सचेतना फैलाउने उद्देश्यले हरेक वर्ष मे १७ तारिखका दिन विश्व उच्च रक्तचाप दिवस मनाउने गरिन्छ । शनिबार पनि नेपालसहित विश्वभर यो दिवस मनाइएको छ । यो दिवस सन् २००५ देखि मनाउन थालिएको हो । बदलिँदो र व्यस्त जीवनशैली, प्याकेटका खानेकुरा, प्रशोधित पदार्थ सम्पत्ति र प्रगतिको प्रतिस्पर्धाले उच्च रक्तचापका बिरामीको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको अवस्थामा यसको नियन्त्रण गर्न जरुरी छ । हैन भने अवस्था भयावह हुने निश्चित छ । तसर्थ यसतर्फ सबैले ध्यान दिन आवश्यक छ ।

## Opinion @ Social Network

परिस्थिति आफैसँग छ अरुसँग होइन, हिजो भन्दा आज राम्रो गर्नु छ, र आज भन्दा भोलि।

*(गोमा चोहानको फेसबुक स्टाटस https://www.facebook.com/Goma.Chohan)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बजेटमा सुधारका कुरा लेखौं, सपना बाड्ने कुरा होइन्




पछिल्लो समय नेपालको बजेट देशको यर्थाथ धरातल भन्दा माथि उठेर ,बजेट निर्माणको विधि र सिद्धान्तलाई लत्याउदै बनाउने परिपाटी मौलाउदै गएको देखिन्छ । यसको एउटै कारण हो राजनीति हावी हुनु । यहि कारण अरवौ लगानीका राष्ट्रिय गौरवका आयोजनाहरु प्रयोगविहिन अवस्थामा रहेको देखिन्छ यो एक उदाहरण मात्रै हो । देश र जनताको आवश्यकता एकातिर बजेट निर्माण अर्को तिर भैरहेको विगत हामीसँग रहेको छ । गर्नु पर्ने कामका लागि बजेट बन्दैन् कमिशन र भष्ट्राचारका लागि प्राथमिकतामा राखेर बजेट बन्दछ भन्ने आलोचना पनि भएको देखिन्छ । जनता पानीको अभावमा काकाकुल अवस्थामा रहेका छन् । पुलको अभावमा जोखिम युक्त तुईन तर्नु परिरहेको छ ,बाटोको अभावमा आफ्नै देश बिरानो बनेको छ ,रोजगारीको अभावमा भोकमरीमा दिन बिताउनु परेको छ तर हामी कसैको भाषण पुरा गर्न भ्यूटावर ,रेल र पानीजहाजका लागि बजेट बाड्फाँड् गरिरहेका छौ यस्तो बजेटले केहि नेताको सपना पुरा गर्ला तर देश विकास र जनताको दैनिकीमा सुधार हुने देखिदैन् ।

देशको वास्तविक अवस्था,जनताको दैनिक जीवनस्तरमा परिवर्तन तथा बिग्रदो अर्थतन्त्रलाई सुधार गर्ने पक्षलाई ध्यान दिएर यो बर्षको बजेट निमार्ण हुनुपर्नेमा जनअपेक्षा रहेको देखिन्छ । बढदै गरेका जनताका आवश्यकता र अभावलाई टालटुँल पार्न विगतमा जस्तो वितरण मुखी,सस्तो लोकप्रियता,असमानुपातिक ,राजनीतिक दल केन्द्रीत बजेट आउनु हुँदैन् । निरन्तरताको क्रमभंग गरेर ,परम्परालाई तोडेर बजेट आउने जनअपेक्षा रहेको देखिन्छ ।

गणतान्त्रिक शाशन व्यबस्थाको अभ्यास र नेपालको संविधान २०७२ संगै जेष्ठ र अषाढ महिनालाई बजेट महिनाको रुपमा लिदा खासै फरक नपर्ला तीन तहको सरकारको अभ्याससँगै नेपालमा बजेट पनि तीनबटै नै घोषणा गर्ने अभ्यासको थालनी भएको छ । संविधानमै व्यवस्था भएसँगै केन्द्र सरकारले जेष्ठ १५ गते ,सात प्रदेश सरकारले अषाढ १ गते र सात सय त्रिपन्न स्थानीय तह वा सरकारहरुले अषाढ १० गते बजेट प्रस्तुत गर्ने प्रावधान राखिएकाले अबका दुई महिना नेपालमा यसैको चर्चा हुने कुरामा दुईमत रहँदैन । बजेट र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

> *देशको वास्तविक अवस्था,जनताको दैनिक जीवनस्तरमा परिवर्तन तथा बिग्रदो अर्थतन्त्रलाई सुधार गर्ने पक्षलाई ध्यान दिएर यो बर्षको बजेट निमार्ण हुनुपर्नेमा जनअपेक्षा रहेको देखिन्छ । बढदै गरेका जनताका आवश्यकता र अभावलाई टालटुँल पार्न विगतमा जस्तो वितरण मुखी,सस्तो लोकप्रियता,असमानुपातिक राजनीतिक दल केन्द्रीत बजेट आउनु हुँदैन् । निरन्तरताको क्रमभंग गरेर ,परम्परालाई तोडेर बजेट आउने जनअपेक्षा रहेको देखिन्छ । गणतान्त्रिक शाशन व्यबस्थाको अभ्यास र नेपालको संविधान २०७२ सगै जेष्ठ र अषाढ महिनालाई बजेट महिनाको रुपमा लिदा खासै फरक नपर्ला तीन तहको सरकारको अभ्याससँगै नेपालमा बजेट पनि तीनबटै नै घोषणा गर्ने अभ्यासको थालनी भएको छ । संविधानमै व्यवस्था भएसँगै केन्द्र सरकारले जेष्ठ १५ गते सात प्रदेश सरकारले अषाढ १ गते र सात सय त्रिपन्न स्थानीय तह वा सरकारहरुले अषाढ १० गते बजेट प्रस्तुत गर्ने प्रावधान राखिएकाले अबका दुई महिना नेपालमा यसैको चर्चा हुने कुरामा दुईमत रहँदैन । बजेट र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।*

**बजेट निर्माण र नेपालको अर्थतन्त्र** : बजेट निमार्ण र घोषणाको प्रत्यक्ष सम्वन्ध कुनै पनि देशको अर्थतन्त्रसँग रहेको हुन्छ । आन्तरिक आम्दानीका स्रोतमा समयअनुकुल खोजी गर्न नसक्दा नेपालका बजेटहरुको ठूलो अंश आन्तरिक तथा बाह्य ऋृण तथा अनुदानमा नै भरपर्नु परिरहेको अवस्था देखिन्छ । आम्दानीको अवस्था दयनिय तर सार्वजनीक खर्चको अवस्था अत्याधिक बढ्दै गएको नेपालका लागि बजेट निर्माण र कार्यान्वयन पक्ष सहज पक्कै देखिदैन् । त्यस माथि राजनीतिक दबाब ,केहि सिमित व्यक्तिको स्वार्थ र पहुँचका आधारमा राखिने कार्यक्रमका कारण एकातिर असमानुपातिक बजेट वितरण भैरहेको देखिन्छ भने अर्को तिर यसको कार्यान्वयनमा समस्या देखिन्छ । वर्तमान नेपालको अर्थतन्त्रका आय-व्यय ,आयात निर्यात व्यापार, वित्तीय अनुशान कायम गर्न नसकिनु लगायतका केहि पक्षलाई हेर्दा सहज स्थितीमा रहेको देखिदैन् । यसका साथै संघीयता कार्यान्वयनले थपिएको व्यय भारले यसलाई थप जटील बनाएको देखिन्छ । राजश्व लक्ष्य अनुसार संकलन हुन सकेको देखिदैन् भने आम्दानी भन्दा खर्चको अन्तर फराकिलो हुँदै गहिरहेको देखिन्छ । वैदेशिक ऋृणको अंश बढ्दै जानु र साँवा व्याज भुक्तानीमा ठूलो रकम छुट्याउनु पर्ने अवस्था हाम्रो स्थायी परम्परानै बनेको देखिन्छ । नेतृत्वकर्ताले अर्थतन्त्र सहज भएको भनेता पनि असहज अर्थतन्त्रकाबिच आउने बजेटबाट ठूलो अपेक्षा राख्ने अवस्था देखिदैन् ।

**बजेट निर्माणमा के भैरहेको छ ?** विशेष गरेर गणतन्त्र स्थापनापछि बनेका सरकारले ल्याउने गरेका बजेटहरुको विश्लेषण गर्दा राजनीतिक हावी हुनु ,राजनैतिक प्रभाव बढ्दै जानु सबै भन्दा खराव पक्षको रुपमा देखिन्छ । यसका साथै बढी मात्रामा तत्काल मनै लोभ्याउने र वा पाईने, मतदाता लोभ्याउने खालका कार्यक्रमलाई समावेश गरेर ल्याउने गरेको देखिन्छ । सामाजिक सुरक्षा लगाएतका जनता मख्ख पार्ने कार्यक्रममा यो बढी केन्द्रीत भएको देखिन्छ । घाटा बजेटलाई बजेट निमार्णमा उपयुक्त सिद्धान्त मानिन्छ तर यसैलाई टेकेर नेपालमा बन्ने बजेट जनताको जीवनस्तर सुधारमा भन्दा पनि अनुत्पादक खर्च बढाउनेतर्फ केन्द्रीत हुनु सबै भन्दा दुर्भाग्य पक्ष हो । लाभ - लागत विश्लेषण विना योजना तय गरिने प्रवृत्ती रहेको देखिन्छ । सरकारमा रहेका राजनीतिक दल र तीनका कार्यकर्तालाई प्रत्यक्ष प्रभाव पार्ने योजना तथा कार्यक्रमहरु बजेटमा समावेश हुनु हुँदैन् । राज्य तथा अर्थतन्त्रलाई दीर्घकालीन असर पार्ने कार्यक्रम बजेटमा राखिनु हुँदैन् । सस्तो लोकप्रियतालाई बढावा दिने गरी विगतमा ल्याईने बजेटले यो वर्ष निरन्तरता पाउनु हुँदैन । भौगोलिक बनोट र यर्थाथ स्थितीलाई हेरेर प्रदेश र स्थानीय तहहरुलाई बजेट बाडफाँड गर्नु जरुरी देखिन्छ । नेपालमा घोषणा भएका बजेट विशेषत गरीवी निवारण, रोजगारी सिर्जना र आम जनताको जीवनस्तर सुधार ल्याउने कुरामा केन्द्रीत रहेता पनि अपेक्षीत परिणाम भने प्राप्त हुन आज सम्म सकेको देखिदैन् ,यो हुनुको कारणको खोजी नगरी विगतलाई नै निरन्तरता दिदा खर्च अनुशारको उपलब्धी हाशिल हुन सकेको देखिदैन यस पक्षलाई बजेट निर्माणमा ध्यान दिनु जरुरी देखिन्छ ।

**बजेट निर्माणमा ध्यान दिनुपर्ने पक्षहरु :**

- -तीन तहका सरकारबिच कार्यक्रमहरु दोहरीने गरी नभई आवश्यक समन्वय र सहकार्यमा ल्याउनु पर्ने
- -प्राकृत्तीक स्रोत र साधनको प्रयोगका लागि प्याकेजमै कार्यक्रम घोषणा गर्नु पर्ने ।
- -औद्योगिकरणका लागि विशेष कार्यक्रम राख्नुपर्ने ।
- -युवा शक्ति विदेश पलायन हुने अवस्थालाई रोकी देश भित्रै रोजगारीका अवसरहरु थप्नु पर्ने ।
- -हरेक नागरिकलाई शुद्ध पिउने पानीको व्यवस्थाको ग्यारेन्टी गर्नु पर्ने ।
- -बढ्दो आयातको अंश घटाउने कार्यक्रम ल्याउनु पर्ने ।
- - आत्मनिर्भर अर्थतन्त्र निमार्णमा केन्द्रीत हुनुपर्ने ।
- -रोजगारी सिर्जना हुने खालका योजना तय गर्नु पर्ने ।
- -विकासको गुणस्तरको मूल्याकंन र अनुगमनमा विशेष ध्यान दिनुपर्ने ।
- -कागजी झनझटिलो प्रक्रियाको अन्त्यमा ध्यान दिनुपर्ने ।
- -मूल्यस्तर र मुद्रास्फिती बढ्ने कुरामा ध्यान दिनुपर्ने ।
- -देशको धरातलमा केन्द्रीत रहेर ल्याउनुपर्ने ।
- -वैदेशीक ऋृण, अनुदानको अशं बढी हुन नहुने ।
- -आधारभुत आवश्यकता र आधारभुत पूर्वाधार निमार्णमा जोड ।
- -जनआकाक्षा र जनभावनामा केन्द्रीत हुनुपर्ने ।
- -काम अनुशारको भुक्तानी पाउने कुराको ग्यारेन्टि हुनुपर्ने ।
- -आधारभुत आवरश्यकताका वस्तुहरुमा करको दर घटेर आउनुपर्ने ।
- -विकास बजेटमा नागरिक अनुगमनको व्यवस्था थपिनु पर्ने ।
- -समानुपातिक बजेट बाडफाडमा केन्द्रीत हुनुपर्दछ ।

**निष्कर्ष :** बजेट सरकारको एक बर्षको आम्दानी र खर्चको व्यवस्थापन हो । यो आम्दानी र खर्चको पूर्व तयारी पनि हो । यसले राज्य सञ्चालनको कानुनी आधार पनि तय गर्ने गर्दछ । बजेट देश र जनताको यर्थाथ धरातल बुझेर आवश्यकता र पहिचानका आधारमा बनाउनु जरुरी रहेको छ । स्वार्थ समूहको प्रलोभनमा परेर रातारात योजना र करका दर हेरफेर गरेर आउने प्रवृत्तीको अन्त्य हुनु पर्दछ । बजेट जनताको दैनिकी सुधार हुने गरि, देशको दुर्गम र ग्रामीण क्षेत्रमा बस्ने आम जनताले अनुभव र अनुभूति गर्ने गरि, आर्थिक वृद्धि,रोजगारी सिर्जना, प्राकृत्तिक स्रोत साधनको प्रयोग तथा आम्दानीका स्रोत थप हुने पक्ष हरुमा जोड दिदै बनोस् यहि कामना गरौं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक पक्ष सबल रहनेछ। तारिफयोग्य कामले लोकप्रियता बढाउने छ। | **तुला** : कार्यशैलीको प्रशंसा हुनेछ। राजनीतिक क्षेत्रमा क्षमतामा वृद्धि हुनेछ। |
| **वृष** : सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भइएला। पढाइ लेखाइमा मन लाग्नेछ। | **वृश्चिक** : आर्थिक सामान्य रहनेछ। भेटघाट भविष्यको लागि लाभकारी हुनेछ। |
| **मिथुन** : पारिवारिक सद्भाव बिग्रिनेछ। हेर्ने दृष्टी बदल्नुहोस् समस्या सुल्झिनेछ। | **धनु** : थकान वा तनाव महसुस गर्नुहुनेछ। प्रतिस्पर्धीहरू पराजित हुनेछन। |
| **कर्कट** : कार्यहरु सम्पादन गर्ने समय रहेको छ। भविष्यको लागि रूपरेखा कोरिनेछ। | **मकर** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। नँया दिशातर्फ बढ्नुहोस्। |
| **सिंह** : मित्रहरूको सहयोग मिल्नेछ। अरुलाई पैसा उधार दिनदेखि बच्नुहोस्। | **कुम्भ** : व्यापारको थालनी होला। धन लाभका नयाँ अवसरहरू बनाउन सक्नुहुनेछ। |
| **कन्या** : भेटघाटले मन प्रसन्न रहला। माताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। | **मीन** : व्यापार व्यवसायमा लाभ रहनेछ। राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। |

# कृषि

## तरकारी खेतीमा रमाउँदै युवा महेन्द्र खड्का



घोराही उमहानगरपालिका-१० नारायणपुरमा तरकारीखेती गरेका रोल्पाको रुन्टीगढी गाउँपालिका-७ गैराका महेन्द्र खड्काले स्थानीय ३८ जनालाई रोजगारी दिएका छन् । उनले १३ बिघा जग्गा भाडामा लिएर तरकारीखेती गर्दै आएका छन् । खड्काले व्यावसायिक रूपमा तरकारीखेतीमा लागेको १० वर्ष भयो । बुबाले गरेको कर्मलाई नै मार्गदर्शन मानेर खड्काले सुरुमा थोरै मात्रामा खेती गर्दै आएको भए पनि व्यावसायिक रूपमा लागेपछि ठूलो परिमाणमा खेती गरेका हुन् । तरकारीखेती गर्दै जाँदा लगाउने आधुनिक तरिकाबारे सिक्दै गएकाले उत्पादन प्रतिवर्ष बढ्दै गएको उनको भनाइ छ । किसान खड्काले खेती गर्दै जाँदा यसमा धेरै कुराको अनुभव बटुल्न पाएको बताए । "स्वदेशमा बसेर केही गर्नुपर्छ भन्ने सोचका साथ गर्दै आएको तरकारीखेतीले प्रतिफल राम्रो दिँदै गएको छ", उनले भने, "कृषि पेसामा पनि आफूले तरकारीखेती नै धेरै सम्भावना देखेर यसलाई निरन्तरता दिँदै आएको छु, त्यसैअनुरुप खेती गर्दै जाँदा उत्पादन बढ्न थाल्यो ।" राप्ती बवई एग्रिकल्चर प्रालिमार्फत सञ्चालन गर्दै आएका खेतीमा उनले बोडी, काक्रा, करेला, टमाटरलगायतका तरकारी उत्पादन गर्दै आताएका छन् । केही वर्ष अगाडि रोल्पामा पनि तरकारीखेती गरेको, त्यहाँ ढुवानी र बजारको समस्या हुने भएकाले दाङमा झरेर थप व्यावसायिक रूपमा तरकारीखेती गर्दै आएको किसान खड्का बतान्छन् । जग्गा भाडामा लिएर तरकारीखेती गर्दै आएका खड्काले यसबाट आकर्षक आम्दानी हुने गरेको बताए । सानैदेखि नै यही पेसामा लागेकाले आफूले अन्य कामतिर ध्यानै नदिएको र यसमै सन्तुष्ट रहेको उनको भनाइ छ । खड्काले वार्षिक रु दुई करोडभन्दा बढी मूल्यको तरकारी उत्पादन गर्दै आएका छन् । "जसबाट ३५ प्रतिशत बचत हुने गरेको छ, भाडाको जग्गाको वार्षिक रु पाँच लाख तिर्ने गरेको छु", उनले भने, "स्थानीय नागरिक तरकारी फार्ममै काम गर्न पाउँदा उनीहरू पनि खुसी भएका छन्, दुई-चार पैसा कमाउन अन्यत्र जानुपर्ने अवस्था अन्त्य भएको छ, भोलिका दिनमा व्यवसायलाई अझ बढाउँदै लैजाने उनको सोच छ ।" तरकारी फार्ममा काम गर्दै आएका स्थानीय गीता महरा घर नजिकै काम पाउँदा खुसी भएको बताउन्छन् । काम गरेबापत तलब पनि समयमा पाउँदै आएको उनको भनाइ छ । उनिजस्तै रञ्जिता चौधरी पनि विगत दुई वर्षदेखि त्यही तरकारी फार्ममा काम गर्दै आएको बताए । यहाँ काम गरेदेखि परिवारको घरखर्चमा केही सहयोग मिलेको उनले बताए । धेरै दुःख पनि नहुने दुई-चार पैसा कमाउनका लागि अन्यत्र जान नपर्ने उनको भनाइ छ । आफ्नै देशमा उत्पादनको प्रशस्त सम्भावना भएर पनि वार्षिक करोडौं रुपैयाँको तरकारी आयात हुँदै आएको छ । स्वदेशभित्रै उत्पादन गर्न सकिने र बजारीकरणको पनि समस्या नहुने अवस्थामा तरकारीखेतीलाई प्रोत्साहन गरी स्वदेशभित्रै रोजगारी बढाउने काममा तीनै तहका सरकारले जोड दिनुपर्नेमा स्थानीय अगुवाले सुझाव दिएका छन् ।

*-रासस*


## बाँझो बारीमा आलुखेती



मोदी गाउँपालिकाले आम्दानी वृद्धि गर्ने उद्देश्यले १५ वर्षदेखि बाँझो रहेको बारीमा व्यावसायिक आलुखेती गरेको छ । पालिकाले क्याङमा आलुखेती थालेको हो । मोदी गाउँपालिका रोजगार सेवा केन्द्रका प्रमुख अनमोल क्षेत्रीका अनुसार पहिलोपटक छ रोपनीमा परीक्षणका लागि गरिएको आलुखेती सफल भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत नियुक्त भएका श्रमिकलाई परिचालन गरेर आलुखेती हो । व्यावसायिक आलुखेतीका लागि बीउ र मल खरिद गर्न पालिकाले रु ९५ हजार लगानी गरेको छभने प्रधानमन्त्री रोजगार कार्यक्रमका श्रमिकले उक्त खेती गरेका हुन् । प्रधानमन्त्री रोजगार कार्यक्रम निष्प्रभावी भइरहेको गुनासो आइरहेका बेला पालिकाले कृषिजन्य उत्पादनमूलक क्षेत्रमा परिचालन गरेको क्षेत्रीले बताए । मोदी गाउँपालिकाको वडा नं १, ३ र ४ आलु उत्पादनका लागि 'पकेट' क्षेत्र मानिन्छन् । लामो समयसम्म बाँझो रहेको जमिन उपयोग गरेबापत पहिलो वर्ष निःशुल्क जग्गा प्राप्त भएको र आगामी आर्थिक वर्षदेखि जग्गा भाडामै लिएर आलुखेती गर्ने योजना पालिकाको रहेको गाउँपालिका अध्यक्ष हीरादेवी शर्माले बताए । उनले ५० क्विन्टलभन्दा बढी उत्पादन हुने अनुमान सुनाए । पालिकाले हरेक वर्ष १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकलाई न्यूनतम एक सय दिनको रोजगारी प्रदान गर्दै आएको छ । उनीहरूलाई सडक मर्मत, गोरेटो तथा पदमार्ग निर्माण, सार्वजनिकस्थल, चौतारी, पोखरी, मठमन्दिर मर्मत तथा निर्माणलगायत काममा परिचालन गर्ने गरिएको छ ।

*-इहिमालय टाइम्स डटकम*

## गाईपालन व्यवसायबाट मासिक एक लाख आम्दानी



वैदेशिक रोजगारीबाट फर्किएर घोराही उपमहानगरपालिका-१ सुकाखोलाका बोमबहादुर थापाले गाईपालन व्यवसायबाट मनग्य आम्दानी गरेका छन् । उनले करिव ११ वर्ष वैदेशिक रोजगारीको सिलसिलामा मलेसिया र दुबईमा काम गरेका थिए । उनले चने,"विदेशमा १८ घण्टा काम गर्छौं, कमाइ भएको देख्छौं, स्वदेशमा काम आठ घण्टा पनि गर्दैनौं कमाइ चाँही धेरै खोज्छौं, अनि जति कमाए पनि कमै देख्छौं ।" बिहानै ४ बजे उठेर गाई दुहुने र गाउँका अन्य किसानकोसमेत दूध लिएर घोराही बजारको डेरीमा पुऱ्याउने अनि घर फर्केर फेरि गाईको हेरचाह गर्ने यसरी नै बित्छ थापाको दैनिकी । उसो त थापाका लागि कामको चाप भने विदेशको जस्तै छ । थापाले विगत पाँच वर्षदेखि एक दिन पनि यो काम छुटाएका छैन् । थापालाई लाग्छ म एक दिन बिरामी भएँभने यो दूध अर्को दिन कहाँ लगेर बेचुँ । गाईलाई दानापानीको काम परिवारका अन्य सदस्यले गरेपनि दूध बजारसम्म पुऱ्याउने काम भने थापा आफैले मात्र गर्दै आएका छन् । सुरुमा दुईवटा गाईबाट यो पेसामा लाग्नुभएका थापासँग हाल १७ वटा गाई छन् । तीमध्ये सात वटा दुहुना छन् । दैनिक ८० लिटर दूध उत्पादन हुने गरेको थापाको भनाइ छ । विदेशमा कमाएको पैसाले घोराही बजारमा घडेरी किनेर एक तलाको घर बनाएका थापाले स्वदेश आएपछि ट्रक किन्नेदेखि बाखा पाल्नेसम्मको काम गरे । अन्य पेसामा सफल नभएका थापा गाईपालनमा भने सफल भएका हुन् । उनले चने, "मैले मासिक एक लाख बढी आम्दानी गर्दै आएको छु मेहनत गरे आफ्नै देशमा पैसा फल्दोरहेछ ।" गाईपालनबाट पाँच वर्षमा थापाले करिब ५० लाख आम्दानी गर्नुका साथै जिल्लाकै एक उदाहरणीय किसान बनेका छन् ।

*-रासस*


**गुल्मी दरबार गाउँपालिकाको अनुरोध**

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेबल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

| भेषराज घिमिरे | तारा थापा ढेंगा | सरोजकुमार थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठाँटीकोट, गुल्मी
लुम्बिनी प्रदेश नेपाल



**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा



**रूरूक्षेत्र गाउँपालिकाको अनुरोध**

➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिउवेंसी, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



**रैनादेवी छहरा गाउँपालिकाको अनुरोध**

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

| कृष्णप्रसाद ज्ञवाली | युवराज थापा | रुक्माङ्गत भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# प्रताप शमशेरले बनाएको धाराको जिर्णोद्धार गरी सञ्चालन



**पाल्पा,** जेठ २/जिल्लाको तानसेन नगरपालिका-२ असनटोलमा रहेको प्रताप शमशेर राणाले निर्माण गरेको खानेपानीको सार्वजनिक धारा जिर्णोद्धार गरी सञ्चालनमा ल्याइएको छ । वडा कार्यालयको एक लाख बजेटमा धाराको जिर्णोद्धार गरी सञ्चालनमा ल्याइएको हो ।

राणाले तत्कालिन समयमा बाझाबाट तानसेनमा पानी ल्याई टोल टोलमा धारा वितरण गरी तानसेनवासीलाई पानी खुवाएका थिए । लण्डनबाट प्राविधिक झिकाई खानेपानीको धाराहरु निर्माण गरेको उक्त धारालाई लण्डनधाराको नाम राखिएको छ । तानसेनमा घर घरमा खानेपानीको धारा भएपनि बटुवा, विद्यार्थी तथा सर्वसाधारणहरुको लागि लक्षित गरी तानसेनमा पहिलो पटक सार्वजनिक धारा सञ्चालनमा आएको हो । धाराको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले शुभारम्भ गरे । तानसेन खानेपानीबाट उपलब्ध गराइएको धाराको पानीलाई फिल्टर गरेर मात्र परम्परागत धारामा पठाउने प्रविधी जडान गरी सञ्चालनमा ल्याएको उपभोक्ता समितिको अध्यक्ष अनुराधा बज्राचार्यले जानकारी दिईन ।

# तानसेनमा आदीवासी जनजाती महोत्सव




**पाल्पा,** जेठ २/तानसेन नगरपालिका -२ असनटोलमा आदिवासी, जनजाती महोत्सव भएको छ । असनटोल ३ टोल विकास संस्थाले आदिवासी जनजाती महोत्सव गरेको हो ।

संस्थाले केही बर्षदेखी तानसेनमा उक्त महोत्सव गर्दै आएको छ । विशेषगरी तानसेन नगरपालिका भित्र रहेका आदिवासी जनजातीहरुको रहन, सहन, भेषभुषा, कलासंस्कृति तथा पहिचानलाई प्रचार-प्रसार जर्गेना, संरक्षण सम्वर्द्धन गर्ने उद्देश्यले वडा कार्यालयको सहयोगमा महोत्सव गरिएको संस्थाकी अध्यक्ष अनुराधा बज्राचार्यले बताईन । महोत्सवमा आएका पाहुनाहरुलाई आदिवासी जनजातीहरुले आ-आफ्नो स्टलबाट खानाका परिकारहरु पकाउँदै खुवाएका थिए । वडाभित्र रहेका विभिन्न १० वटा टोलविकास संस्थाले आ-आफ्नो भेषभुषामा सजिएर आ-आफ्नो परम्परा अनुसारका परिकार ताजा रुपमा पकाउदै खुवाउदै गरेका थिए । एउटै थलोमा दर्जनौ थरीका नयाँ -नयाँ परिकारका स्वाद चाख्न पाउँदा उपभोक्ताहरु रमाएका थिए । महोत्सवमा कोदाको सेल रोटी, सिल्टुङ्गको बटुक, मेवाको अचार, चुकाउनी, य:मरी, मुस्लिमहरुको सेवई, विभिन्न किसिमका मासुका परिकारहरु, खिर, लस्सी, हासँको छोईला, छ्याङ( जाँड), कोदाको रक्सी, सेकुवा र भुटुवाले उपभोक्ताको मन जितेको थियो । महोत्सवमा आ-आफ्नो जातजातीको चालचलन अनुसारका परिकारहरुले उपभोक्ताको मन जितेको संस्थाकी संस्थापक अध्यक्ष शकुन्तला बज्राचार्यले बताईन । महोत्सवमा खानाको परिकारसँगै मगरी, नेवारी कलासंस्कृतिको प्रस्तुतिले दर्शकलाई भरपूर्ण मनोरञ्जन गराएको थियो । कार्यक्रममा बौद्ध विद्वान छत्रराज शाक्यले आदिवासी, जनजातीको विश्वव्यापी अवस्था कला सस्कृति, रहनसहन भेषभुषा, नेपालको अवस्था, राज्यले दिदै आएका सेवा सुविधाको बारेमा चर्चा गरेका थिए । कार्यक्रममा नगर प्रमुख सन्तोषलाल श्रेष्ठले आदिवासी जनजाती महोत्सवको शुभारम्भ गरे । तानसेन नगरका नगर प्रमुख अशोक कुमार शाहीले आदिवासी जनजातीहरु नेपालको प्रमुख शक्ति भएकोले स्थानीय स्तरबाटै उनीहरुका रहन सहन भेषभुषा कला संस्कृति तथा पहिचानहरुलाई संरक्षण तथा जर्गेना गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा नगर उप-प्रमुख प्रतिक्षा सिंजाली, प्रवक्ता यादवसिंह कार्की, वडा अध्यक्ष महेश्वर श्रेष्ठ लगायतको सहभागिता रहेको थियो । कार्यक्रम संस्थाकी अध्यक्ष अनुराधा बज्राचार्यको अध्यक्षता संस्थाकी संस्थापक अध्यक्ष शकुन्तला बज्राचार्यको स्वागत, सचिव सुनिता प्रधानको सञ्चालनमा भएको थियो ।

# तानसेनमा जनताको बहुदलीय...

...पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष एवं एमाले पाल्पाका प्रेस चौतारी इन्चार्ज राजेश कुमार अर्यालले आजको अवस्थामा आईपुग्दा पनि जबजका नीति, कार्यक्रम र सिद्धान्तहरु नेपालको सन्दर्भमा उत्कृष्ट रहेको बताए । उनले जनताको बहुदलीय जनवाद अनुसार विचार मिल्दा एकता गर, नमिल्ने अवस्थामा सर्घष गर्दै रुपान्तरण गर अभियान अनुसार नै नेकपा एमाले पार्टी सञ्चालनमा रहेको प्रशिक्षक अर्यालले बताए । विचार नबुझिकन राजनीति बुझ्न र गर्न नसकिने अवस्था रहेकाले नयाँ पुस्तालाई हरेक पार्टीले पार्टीको सिद्धान्त, विचार, कार्यान्वयनका प्रक्रियाहरु तथा देशको अवस्थाबारे प्रशिक्षण गरेर जानुपर्नेमा अहिले धेरै संख्या देखाउन, संगठनमा प्रवेश गराउने कामलाई सुधार गर्नुपर्नेमा उनले जोड दिए । अर्यालले जबजको प्रयोग र विकास, आजको सन्दर्भमा जवजको अवस्था र कार्यान्वयन, नेपालमा आर्थिक सामाजिक रूपान्तरणका बाटाहरुका बारेमा जबजले प्रष्ट रुपमा मार्ग निर्देशन दिएको चर्चा गरे । नेपालको विकासको लागि नदी डाईभर्सन गरी पानी नभएका स्थानमा खेतीपाती,जलाशययुक्त जलविद्युतको परिकल्पना मदनभण्डारीको जवजको कार्यक्रममा रहेको विकासको लागि दुरदृष्टि नेता मदन भण्डारी रहेको कार्यक्रममा चर्चा भएको छ । पार्टी नेतृत्व पनि एकल रुपमा नभई सामुहिक रुपमा हुनुपर्ने, पार्टीमा नेता प्रधान नीति प्रधान हुनुपर्ने कुराहरु जवजको प्रतिपादित सिद्धान्तमा रहेको, जनताको बहुदलिय जनवादका मुख्य १४ सिद्धान्तहरुको बारेमा सहभागीहरुलाई प्रशिक्षण दिइएको थियो । कार्यक्रममा प्रशिक्षक अर्यालले स्वतन्त्र प्रेस, हाम्रो दायित्व, प्रेस चौतारीकर्मीको कर्तव्य, दायित्व र भुमिकाबारे चर्चा गरे । प्रेस चौतारी नेपाल पाल्पाका शाखा अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, केन्द्रीय सदस्य मिलन विश्वकर्माको स्वागत र सचिव दयाराज न्यौपानेको सञ्चालनमा संवाद कार्यक्रम भएको थियो । नेकपा एमालेका तत्कालिन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको वि.स. २०५० साल जेठ ३ गते चितवनको दासढुङ्गामा जिप दुर्घटनामा मृत्यु भएको थियो ।

## खेलकुद समाचार

# नेपाल तीन विकेटले विजयी




**काठमाण्डौ,** जेठ ३/आईसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत स्कटल्याण्ड शृङ्खलाको लागि तयारी गर्न बेलायत पुगेको नेपाली क्रिकेट टोली पहिलो अभ्यास खेलमा विजयी भएको छ । कार्डिफमा भएको खेलमा न्यू पोर्ट क्रिकेट क्लबलाई नेपालले तीन विकेटले हरायोर नेपालले दुई सय १३ रनको लक्ष्य ३८ औं ओभरमा ७ विकेटको क्षतिमा पूरा गर्‍यो । खेलमा गुलशन झा र आरिफ शेखले शतकीय साझेदारी गरेर गुलशनले ८० रन जोडेर आरिफ ७२ रनमा अविजित रहेर त्यस्तै दीपेन्द्र सिंह ऐरीले २२ रन बनाएर उनी आउट हुँदा नेपालले ५६ रनमा ६ विकेट गुमाएको थियोर त्यसअघि न्यू पोर्टले दुई सय १२ रन बनाएको थियोर यो खेलमा नियमित कप्तान रोहित पौडेल अनुपस्थित रहेका थिएर लिग-२ अन्तर्गत नेपाल, आयोजक स्कटल्यान्ड र नेदरल्यान्ड्स सहभागी हुने शृङ्ला आउँदो जुन २ देखि १० तारिखसम्म हुनेछ ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# भिजन लुम्बिनी मातहत कम्पनीका प्रतिनिधिहरु पाल्पामा






**पाल्पा,** जेठ ३/भिजन लुम्बिनी कम्पनी लि. मातहत रहेका कम्पनीका प्रतिनिधिहरुले पाल्पामा तीन दिने प्रशिक्षण लिएका छन् । भिजन लुम्बिनीमार्फत देशको समृद्धि हासिल गर्ने र नेतृत्व विकास गर्ने उद्देश्यले कम्पनीको प्रतिनिधिहरुले जिल्लाको तानसेनमा तीन दिने प्रशिक्षण लिएका हुन् ।

भिजन लुम्बिनी कम्पनी लिमिटेड, भिजन उर्जा क.लि. भिजन नेपाल क.लि. बज्र भेन्चर लि.को आयोजनामा विहीबारदेखि सञ्चालन भएको प्रशिक्षण शनिबार सकिएको छ । प्रशिक्षणमा मुख्य प्रशिक्षक मिलन गुरुङ्गले नेतृत्व, कर्पोरेट अर्गनाइजेसन, दिपेन्द्र ढकालले नेतृत्व विकास, उत्प्रेरणा, रामप्रसाद खनालले कर्पोरेट लिगल एण्ड ट्रेक्सेसन, जीवन भण्डारीले एआई राजीव गौतमले आइटी, डा . रामप्रसाद आचार्यले व्यवहारिक जीवन र रस्मी सिल्पकारले नेतृत्व विकास र कम्युनिकेसन लगायतका विषयमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा देशभरका ९ कम्पनीका बोर्ड डाइरेक्टरहरुको सहभागीता रहेको थियो । समापन कार्यक्रममा प्रशिक्षक डा. प्रोफेसर रामचन्द्र आचार्यले भिजन लुम्बिनीमार्फत देशको विकास र समृद्धि हासिल गर्न प्रशिक्षणले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले प्रशिक्षणमा सिकेका कुराहरु व्यवहारमा उतार्न सहभागीहरुलाई आग्रह गरे । भिजन लुम्बिनी, भिजन नेपालका अध्यक्ष जगत बहादुर पोखरेलले स-सानो पुँजीले मुलुकको समृद्धि हासिल गर्न सकिन्छ भन्ने उद्देश्य राखेर आफुहरु अगाडि बढेको बताए । उनले ३ लाखदेखि ५ लाख सम्म यो अभियानामा जोड्ने बताए । भिजन उर्जाका अध्यक्ष सुदिप सिं अधिकारीले सिकाई कहिल्यै अन्त्य नहुने भन्दै सिकेका कुराहरुलाई व्यवहारमा उतारेर व्यवसायलाई बढाउन आग्रह गरे । कार्यक्रममा प्रशिक्षक मिलन गुरुङ्ग, जेसिज पाल्पाका अध्यक्ष विवेककाजी शाक्य, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, सहभागीहरु टेकराज रेग्मी, अमर घिमिरे, कुमार मणी पोखरेल, सन्तोष पोखरेल लगायतले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रम भिजन लुम्बिनी, भिजन नेपालका अध्यक्ष जगत बहादुर पोखरेल र भिजन उर्जाका अध्यक्ष सुदिप सिं अधिकारीको अध्यक्षतामा भएको थियो ।

## कर्मचारी आवश्यकता

*सूचना प्रकाशन मिति : २०८२/०१/३०*

यस पाल्पा टेक्नीकल ईन्स्टिच्युट तानसेन-२, पाल्पाको लागि १ (एक) जना तपसिलमा उल्लेखीत उप-प्रशिक्षक आवश्यकता भएको हुँदा ईच्छुक योग्य उम्मेदवारले मिति ०८२/०२/१३ गते भित्र यस ईन्स्टिच्युटमा आई दरखास्त दिनु हुन जानकारी गराईन्छ ।

तपसिल :

**विज्ञापन न. :** १-०८१/०८२
**पद :** उप-प्रशिक्षक , **संख्या :** १, **उमेर :** २५ देखि ४५ वर्ष ननाघेको,
**शैक्षिक योग्यता :** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट B.S.C Nursing, BN वा H.A पास गरेको ।
**दरखास्त बुझाउने मिति:** २०८२ जेष्ठ १३ गते सम्म
**तलब :** ईन्स्टिच्युटको नियमानुसार, **परीक्षाको किसिम :** अन्तर्वार्ता,
**दरखास्त दस्तुर :** ५००/-

**आवश्यक कागजातहरु :**
१. निवेदन साथ आफ्नो वायोडाटा (Bio - Data ) - १/१ प्रति
२. पासपोर्ट साइजको फोटो - दुई प्रति
३. नेपाली नागरीकताको प्रतिलिपि - १ प्रति
४. शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपिहरु - १/१ प्रति
५. काउनसील दर्ताको प्रमाण पत्रहरुको प्रतिलिपि १ प्रति
६. कम्प्युटर सम्बन्धी तालिम लिएको प्रमाण पत्रको प्रतिलिपिहरु - १/१ प्रति
७. अन्य अनुभव भए त्यसको प्रतिलिपिहरु - १/१ प्रति
८. शिक्षण क्षेत्रमा अनुभव भएकालाई दक्षता हेरी प्राथमिकता दिइनेछ ।
९. अन्तर्वार्ताको मिति सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**सम्पर्क**
**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
**तानसेन-२, मेहलधारा, पाल्पा**
फोन नं. ०७५-५२०७१४, ९८५७०६०३४६, ९८४७०२९८१६

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई